प्रमुख व्यवस्थापक

**विद्यासागर रञ्जित**

फोन: ४२५ ८९५५

व्यवस्थापकहरू

**चिनीकाजी महर्जन**

फोन: ४२५ ३१८२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७ ६९०८

सह-व्यवस्थापक

**ध्रुवरत्न स्थापित**

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक

**भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन: ४२५ ९४६६

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५४

नेपाल सम्वत् ११३१

इस्वी सम्वत् २०११

बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

***A Buddhist Monthly***

**18th APRIL 2011**


| वर्ष- २८ | अङ्क- १२ | ल्हुति पुन्हि | वैशाख २०६८ |
|---|---|---|---|





**संग्राममा धनुषद्धारा हिर्काइएको वाणको चोट हात्तीले सहे जस्तै मैले पनि कटुवाक्य सहने छु, कारण संसारमा दुशीलहरूको संख्या नै बढि छ।**

**शिक्षित हात्तीलाई संग्राममा लगिन्छ। राजाले शिक्षित हात्ती चढ्ने गरिन्छ, मानिसहरू मध्ये आत्मदमन भएको र कटुवाक्य सहन सक्ने व्यक्ति नै श्रेष्ठ मानिन्छ।**

**खच्चर सिन्धु देशको असल जातको घोडा र ठूलो हात्ती, यिनीहरू शिक्षित भए श्रेष्ठ मानिन्छ यिनीहरू भन्दा पनि आफूले आफैलाई दमन गरी शिक्षित पार्न सक्नु नै श्रेष्ठ हो।**

**सुसंयमी भइ आत्मदमन गर्ने व्यक्ति स्वयं निर्वाण मुक्ति मार्ग मा पुगन सकिन्छ। हात्ती घोडाको रथद्धारा निर्वाण पुगन सकिंदैन।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# बुद्धको शान्ति सन्देश

बुद्धले ४५ वर्षसम्म असल शिक्षा प्रचार गर्नु भयो । उहाँको सन्देशमा ईश्वर, आत्मा, अन्ध विश्वास र कर्मकाण्डलाई कुनै मान्यता दिइएको छैन । अनुभवको आधारमा मात्र विश्वास गर्नुपर्ने कुराहरू, बुद्धको सन्देशमा देखिन्छ । त्यसैले कुनै ठूलो विद्वानले बुद्धको शिक्षालाई पुस्तकमा उल्लेखित भएको छ भन्दैमा राम्रो संग अध्ययन नगरी स्वीकार गर्नुपर्छ भन्ने बाध्यता छैन । जसरी सुनारले सुनलाई परीक्षा गर्दा कसीमा घोटेर र पोलेर जाँच्ने काम गर्छ, त्यसरी नै हामीले पनि कसैको क्षिक्षालाई स्वीकार्नु भन्दा पहिले त्यस कुरालाई हाम्रो स्वतंत्र दिमागले घोटेर भविष्य सम्म काम लाग्ने भएमा मात्र त्यसलाई अंगाल्नु योग्य हुन्छ भन्ने कुरा बुद्धको सन्देशमा उल्लेख छ । त्यसैले हामीले भन्न सक्छौ बुद्धको सन्देश वैज्ञानिक हो ।

बुद्धले २५०० वर्ष पहिले नै बुद्धत्व प्राप्त गर्नु भएको थियो । जसमा चार महत्व सत्यहरू संलग्न छन् । जसलाई चार आर्य सत्य अर्थात चार उत्तम सत्य भनिन्छ । संक्षिप्तमा त्यसलाई दुःख र दुःखबाट मुक्ति भन्न सकिन्छ ।

अब विचार गरौं दुःखबाट कसरी मुक्ति पाउनेत ? यसमा गौतम बुद्धले शील सदाचार समाधी (एकाग्रता) र प्रज्ञा आदि तीन बुँदालाई आचरण गर्न शिक्षा दिनुभएको थियो । यसमा आर्य अष्टांगिक मार्ग समावेश भएको छ । आर्य शब्दको अर्थलाई हामीले राम्ररी बुझ्नु परेको छ, किनभने यो शब्द कुनै जाती र सम्प्रदायिक शब्द होइन । आर्य अष्टांगिक मार्ग भनेको नै आठ उत्तम मार्ग हो । जहाँसुकै जानको लागि पनि बाटोको आवश्यकता भए जस्तै दुःखबाट मुक्त हुनको लागि बाटो नै चाहिन्छ । त्यसको लागि चाहिने बाटाहरू हुन- सम्यकदृष्टि (ठीक समझदारी) सम्यक संकल्प (ठीक चिन्तन) । यी दुइ बाटालाई प्रज्ञा पनि भनिन्छ । दोस्रोमा-सम्यक प्रयत्न, सम्यक स्मृति (ठीक होश) र सम्यक समाधि पर्दछन् । यी तीन बाटाहरू समाधि अर्थात चित्त एकाग्र गर्ने काम अन्तर्गत पर्न आउँछन् ।

दुःखबाट मुक्त हुनको लागि प्रज्ञा अर्थात विवेक बुद्धि हुन जरूरी छ । अनि मात्र सम्यक दृष्टि र सम्यक संकल्प (ठीक समझदारी सही सोचाइ) को उपस्थिति हुनेछ । दृष्टि सोझो नभएसम्म दुःखबाट मुक्ति पाउन असंभव नभएपनि गाह्रो चाहिं अवश्य पर्नेछ । किन भने आफूलाई दुःख परेको बेला यदि आफूमा ठीक समझदारी हुन सकेमा मात्र त्यस समयमा आफूलाई परेको दुःखको ठीक कारण पत्ता लगाउन सकिन्छ । किनभने विना कारण केही पनि हुन सक्दैन । त्यसरी नै आफूमा सम्यक चिन्तन हुना साथ दुःखकै कारणलाई झिकेर फाल्ने कोशिश गरिन्छ । तर दुःख पत्ता नलागेसम्म दुःखबाट मुक्ति पाउन सक्दैन । जोशको वसमा परी होश गुमाउनु हुँदैन । यसको लागि सर्वप्रथम अहंकारलाई त्याग्न सक्नु पर्दछ । आजभोलि संसारमा जति पनि अशान्ति मच्चिरहेको छ त्यसको प्रमुख कारण मानिसहरूमा ठीक समझदारी र ठीक सोचाई हुन नसक्नाले नै हो । त्यति मात्र होइन, तृष्णाको बसमा परी जति भए पनि नपुग्ने आशक्तिपनाले गर्दा पनि दुःखले सताइरहेको देखिन्छ ।

गौतम बुद्धले भन्नुभएको थियो– दुःखको कारण अज्ञानता, तृष्णा र आशक्ति हुन् । यसको साथै अपराधको कारण पनि अतृप्ति र गरीबि हो ।

बुद्धको शिक्षा (धर्म) सिंगै आध्यात्मिक र सिंगै भौतिकवाद पनि होइन । किनभने आध्यात्मिक र शान्तिको लागि भौतिक साधन र राम्रो वातावरणको पनि सहयोग आवश्यक हुन्छ । उदाहरणका लागि सिद्धार्थले आफ्नो शरीरलाई कष्ट दिएर तपस्या गरेको बेला शरीर कमजोर भई आध्यात्मिक उन्नति हुन सकेन । अन्तमा तपस्या कार्य नै छोडी खाना खान शुरू गर्नु भएपछि मात्र सिद्धार्थले ज्ञान लाभ गर्न सक्नुभयो ।

दुःखबाट मुक्त हुनको लागि सर्वप्रथम आचरण र चित्त शुद्ध हुनुपर्‍यो । संकुचित मनले सारा गतिविधि नै खलवल हुन पुग्छ । त्यसैले बुद्धले भन्नु भएको छ दुषित मनले काम र कुरा गरेमा त्यसको पछि गोरूको पछि गर्‍हौं चक्का झुण्डेर आए जस्तै दुःख पछि लागेर आउने छ । त्यसको ठीक उल्टो प्रसन्न मनले गरेका काम कुराको फल अति हलुँगो छायाँ पछि लागेर आए जस्तै सुख पनि पछि पछि लागेर आउनेछ ।

तर आजकाल मानिसहरू एकले अर्काको दोष र कमजोरी मात्र खोज्दै गरेको देखिन्छ । यो आजको युगमा एक सरूवा रोगकै रूपमा देखिएको छ । बुद्धले भन्नु हुन्थ्यो अर्काले के गर्‍यो के गरेन खोज्दै हिंड्नुको बदला आफूबाट के कस्ता काम गरिरहेको छ भन्ने बारे चिन्तना गर्नु जाती छ । त्यसैले आफूले आफैलाई सही दिशाका लान आफ्नो आलोचना गर्न सक्नुपर्छ । बुद्धको शान्ति सन्देश पनि यही नै हो ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

सत्यनारायण गोयन्का
अनुवादक- विश्व शाक्य

## चौथो दिन

अलिकति अरू अगाडि गयौं भने बाहिरी कर्मकाण्ड मात्र । यसैमा सारा जीवन बितायौं । यदि कोही अरू केही अगाडि गए भने अध्यात्मको नाममा बुद्धिविलास गरेरै बिताए । केवल दार्शनिक ऊहा-पोह, दार्शनिक वाद-विवाद । अध्यात्मको अर्थ नै जानेनन् धर्मको अर्थ नै जाने नन् । स्वानुभूतिद्वारा आफ्नो भित्रको सच्चाइ थाहा पाउनलाई अध्यात्म भनिन्छ र धारण गर्नुलाई धर्म भनिन्छ तर न कहिल्यै भित्र हेर्ने प्रयास गरेर सच्चाइको अनुभव गऱ्यौं न त्यसलाई धारण नै गऱ्यौं । सत्यको अनुसन्धानको काम नै गरेनौं, खोजको काम नै गरेनौं । भित्र जो अमृत भरिएको छ, त्यहाँसम्म पुग्दै-पुग्दैनौं, त्यसलाई चाख्दै-चाखेनौं ।

आज जुन कदम उठाइएको छ, लामो यात्राको त्यो सिकारू अति सानो पाइला हो जसमा हामी हिँड्न चाहिरहेका छौं । अन्तर्मुखी हुनु पहिलो कदम हो, त्यसैले बढी महत्त्वको छ । अन्तर्मूखी दुई प्रकारले हुन सक्छ- एउटा त आँखा बन्द गऱ्यो अनि बस्यो कुनै कल्पनाको ध्यान गरेर-जतातत‍ै कल्पनै कल्पना । कल्पना बडो प्रिय लाग्ने हुन्छ, बडो सुखद तर सच्चाइबाट कोसौं टाढा । दोस्रो अन्तर्मूखी हुन्छ कल्पनाबाट मुक्त । सत्य दर्शनको लागि हामीलाई यही गर्नु छ ।

भारत धेरै पुरानो देश हो । यस देशमा थुप्रै साधनाका विधिहरू उत्पन्न भए, हुर्के, बिग्रे, नष्ट भए, लुप्त भए । यो एउटा बेग्लै विधि हो– भारतबाट लुप्त भएको पुरातन साधना विधि । यसलाई सम्झनुहोस् । कुनै पूर्वाग्रहबाट, पूर्व बुद्धिको लेपद्वारा शङ्कामा नअल्मलिनुहोस् ।

आज हामी यही बुझ्नेछौं कि यस साधनाको यो पहिलो कदम के हो ? कस्तो छ ? नयाँ नयाँ साधकहरूको अगाडि कति प्रश्नहरू उठ्छन् । कुनै यस्तो प्रश्न छ जुन समानरूपले सबै नयाँ साधकहरुको मनमा उठ्ने हुन्छ । पहिले त्यसलाई सामाधान गरौं ।

एउटा प्रश्न यो उठ्छ कि टाउकोदेखि पाइतालासम्मको यो यात्रा कुनै एउटा क्रमबाटै प्रारम्भ किन गरिनुपर्छ ? मैले जुन क्रम बताएको छु त्यही क्रममा गर्नुपर्छ भन्नु केही आवश्यक छैन । कुनै पनि क्रमबाट गरियोस् तर क्रमबाट अवश्य गरियोस् ताकि शरीरको कुनै पनि अङ्ग नछुटोस् । यस शरीरस्कन्धको बारेमा हामी सत्यको खोजी गरिरहेका छौं । यस खोजमा शरीरको कुनैपनि अङ्गलाई छुटाउनु छैन । कुनै अङ्गलाई मूर्च्छित अवस्थामा छोड्नु छैन ।

एउटा प्रश्न यो उठ्छ कि शिरदेखि पाउसम्मको जुन यात्रा छ त्यो बाहिरी तहमा मात्र गर्ने हो वा भित्री तहमा पनि ? अगाडि गएर यो यात्रा भित्री तहसम्म गर्नु नै छ । हाललाई बाह्यस्तरमा सम्वेदनालाई हेर्नुहोस् । जब शरीरमा सम्वेदना महसूस हुन थाल्नेछ त भित्रसम्म हेर्न सजिलो पर्नेछ । यदि कसैलाई अहिले नै भित्रसम्म महसूस हुन थालिएको छ भने राम्रै भयो होइन भने यसको लागि आतुरी नगर्नुहोला ।

एउटा प्रश्न यो उठ्छ कि यो जुन शिरदेखि पाउसम्म चक्कर लगाउँदै यसमा कति समय लगाउनुपर्ने हुन्छ । यसको लागि कुनै समय निर्धारण गरिएको छैन । यो साधकको मनः स्थितिमाथि निर्भर हुने हुन्छ । कहिलेकहीं मन दुर्बल हुन्छ, चञ्चल हुन्छ त बढी स्थूल हुन्छ । जहाँ पुगिन्छ त्यहाँ कुनै महसूस नै हुँदैन भने एक दुई मिनट पर्खेर त्यहाँबाट अगि लाग्छौं । यस प्रकार रोकिँदै-रोकिँदै गरिएको यात्रामा आधा घण्टा पनि लाग्न सक्ने हुन्छ, एक घण्टा पनि लाग्न सक्छ । हामीले आफ्नो काम गर्नु छ, जति समय लाग्ने हो लागोस् । जब मन सजग हुन्छ, स्थिर हुन्छ त जहाँ पुग्दा केही महसूस हुनासाथ तुरून्त अगाडि बढ्यौं भने समय कम लाग्ने हुन्छ तर अहिले काम शुरू नै गरिसकिएपछि एउटा पूरा यात्रामा कमसेकम दश मिनट त लाग्नै पर्ने हुन्छ ताकि कुनै अङ्ग नछुटोस् । जहाँकहीं कतै केही महसूस हुँदैन एक दुई मिनट रोकिएर बडो धैर्यपूर्वक निरीक्षण गर्नुहोस् । यदि सम्वेदना थाहापाइएन भने व्याकुल नहुनुहोस् । सम्वेदना उत्पन्न गर्ने गराउने व्यर्थ प्रयास नगर्नुहोला । सम्वेदना उत्पन्न गर्न व्यर्थ प्रयत्न पनि गर्नुहुँदैन । कुनै कृत्रिम सम्वेदना ल्याउनु पनि छैन । जस्तो स्थिति छ त्यसलाई साक्षीभावले हेर्नु छ । हाम्रो शरीरको प्रत्येक अङ्गमा केही न केही त भैरहेकै हुन्छ । शान्त चित्तबाट त्यसलाई हेर्नु छ । विस्तार-विस्तार स्थूल मन सूक्ष्म हुन थाल्नेछ, र सूक्ष्म मन सम्वेदनशील हुन थाल्ने छ ।

हामीले शरीरको प्रत्येक अङ्ग-प्रत्यङ्गमा स्वभावले जे भैरहेको छ त्यसलाई हेर्नु छ । यदि मौसमको कारण शरीरमा कुनै प्रभाव परिरहेको छ भने त्यसलाई हेर्नेछौं । शरीर गरम भैरहेको छ भने हामी गर्मीलाई हेर्नेछौं त्यसै गरी पसीना आइरहेको छ भने पसीनालाई र जीउ गरूङ्गो भइरहेको छ भने गरूङ्गोपनलाई हेर्नेछौं । कहीं कतै रोग वा बिरामीको कारण पीडा भैरहेको छ भने पीडालाई हेर्नेछौं । अहिलेसम्म भोक्ता भएर हामीलेभोग्दै आयौं अब



Downloaded from http://www.dhamma.digital

साक्षीभावले त्यसलाई हेर्नेछौं । न राम्रो मान्नेछौं, न नराम्रो मान्नेछौं । जुन स्थानमा जस्तो सम्वेदना भैरहेको छ त्यसलाई मात्र जान्नु छ । बस, केवल जान्नु छ । प्रतिक्रिया गर्नु छैन । कदम-कदममा तथ्य तथा सच्चाइको सहाराले पाइला चाल्नेछौं । प्रारम्भमा मोटामोटी स्थूल सत्य नै सामुन्ने आउने हुन्छ–यो प्रकट सत्य हो भासमान (बुझ्नसकिने) सत्य हो । कुनै अङ्गमा असहृय पीडा महसूस भैरहेको छ, यो घनीभूत पीडा यस क्षणको सत्यता हो । शरीरको फलानो भाग ठोस छ, यो यस क्षणको प्रकट सत्यता हो, भासमान सत्यता हो । त्यसलाई साक्षीभावले हेर्नेछौं । त्यो टुक्रा-टुक्रा हुन थाल्नेछ, विघटन विश्लेषण हुन थाल्नेछ । गरूङ्गोपन (सघनता) टुक्रिन थाल्नेछ । अन्तमा यो प्रतीत हुनेछ कि यो पीडा, यो सघनता खालि तरङ्ग-तरङ्ग हो । यस प्रकार प्रकट, भासमान सत्यबाट हामी परमार्थ सत्यतर्फ अगाडि बढ्नेछौं । घनीभूत सत्यलाई विघटन-विश्लेषण नगरिकन अर्थात् टुक्रा-टुक्रा नगरिकन हामी परमसत्यसम्म पुग्न सक्नेछैनौं ।

यदि हामीलाई सूर्यको दर्शन गर्नु छ भने जबसम्म बाक्लो बादलले ढाकिरहन्छ तबसम्म सूर्यको दर्शन गर्न सक्नेछैनौं । जुन बेला घना बादल छाँटिने छ त्यसबेला सूर्य-दर्शनको लागि प्रयत्न गर्नुपर्नेछैन । आफसे-आफ भएर जानेछ । जबसम्म चित्तमा राग, द्वेष अनि मोहको धनाबादल छाइरहेको हुन्छ परम सत्यको दर्शन र साक्षात्कार गर्न सकिनेछैन । यस समय ठोस सत्य हाम्रो सामु छ, त्यसलाई स्वीकारेर साक्षीभावले हेर्नु छ । प्रकृतिको कानूनलाई हेर्नु छ । प्रकृतिको कानून र नियम सर्वव्यापी छ । सबैमा समानरूपले लागू हुन्छ । सजीव, निर्जीव, अणु-अणुमा लागू हुन्छ । जुन समय यसको (प्रकृतिको नियमको) साक्षात्कार हुनेछ मानिस आफसे-आफ यस कानून अनुसार ढालिने छन् । यो साधना हामीले यसैको लागि गरिहेका छौं कि यस प्रकृतिको नियमलाई हामीले आ-आफ्नो अनुभूतिको स्तरबाट बुझ्नसकौं । परमसत्यलाई जान्न सकौं अनि त्यस अनुसार आफ्नो जीवनलाई ढाल्न सकौं । यही धर्म हो ।

सारा संसारमा प्रतिक्षण केही परिवर्तन भैरहेछ । केही घटना घटिरहेको छ । कुनै बीज धरतीमा रोपिएको छ भन्ने त्यो फुटी पलाउँछ, अंकुरित भैरहेछ । एउटा सानो रूख पलाइरहेको हुन्छ, त्यसबाट कुनै हाँगो निस्किरहेको हुन्छ, कुनै शाखा निस्किरहेछ, ठहनी निस्किरहन्छ, पात निस्किर हन्छ, विकसित भैरहन्छ, फूल निस्किरहन्छ, फल निस्किर हन्छ, यसैगरी रूख बढिरहेको हुन्छ । यो सत्य हो कि केही न केही बन्दै गैरहेकै छ । त्यसैले यस संसारलाई भव, भव, भव-भवसंसार भनियो । त्यसैत, व्यवहार जगत्मा भनिनुपर्छ कि फलाना प्राणी हो, जीव हो, भूत हो तर वास्तवमा यस्तो केही छँदै छैन । केवल भवमात्र छ, भवमात्र । यस्तो केही पनि छैन । केवल भवमात्र छ, भवमात्र । यस्तो केही पनि छैन जुन बनिबनाउ तयारभयो र अब यसमा केही परिवर्तन हुँदैन । सबै कुरामा परिवर्तन भैरहेकै छ । यो सत्यतालाई जब अनुभूतिको स्तरबाट जानिनेछ तब वास्तवमा एउटा महत्त्वपूर्ण सत्यको दर्शन हुन्छ ।

साधनाको अभ्यासमा एउटा अर्को सत्यता अगाडि आउँछ कि जुन परिवर्तन भैरहेछ त्यो अकस्मात् वा अकारण परिवर्तन भैरहेको छैन । त्यसको पछाडि एक वा अनेक कारण हुन्छन् । विना कारण केही पनि हुँदैन । कुनै कारणले नै कुनै कार्य सम्पन्न हुन्छ, जुन आउने अर्को कार्यको कारण बन्न जाने हुन्छ । यो कार्य-कारण, कारण-कार्यको श्रृङखला अटूट रुपले चलि नै रहन्छ । जति जति गहिराइसम्म जानेछौं फेरि एउटा अर्को सत्यता स्पष्ट हुन थाल्नेछ । जस्तो कारण हुन्छ उस्तै कार्य सम्पन्न हुन्छ । प्रकृतिको नियम हुन्छ जस्तो बीज, उस्तै फल । यदि तीतो नीम रोप्यौं भने तीतो फल नै फल्ने हुन्छ । मीठो आँप रोप्यौं भने मीठो फल नै फल्ने हुन्छ । यो प्रकृतिको अटूट नियम हो । यसको विपरीत हुनै सक्तैन । जस्तो बीज उस्तै फल लाग्ने हो भने आफ्नो कर्म बीजप्रति सजग हुनुपऱ्यो । सम्झौं कि कर्म के हो ? कर्म-बीज कसलाई भन्ने ? कर्म त शरीर, वाणी र मनबाट पनि हुन्छ । कुन कर्मलाई महत्त्व दिने ? सामान्यतया मानिसहरू शरीरबाट हुने कर्मलाई बढी महत्त्व दिन्छन् त्यो भन्दा अलिकति महत्त्व वाणीबाट हुने कर्मलाई दिन्छन्, मनबाट हुने कर्मलाई कसैले महत्त्व नै दिँदैनन् तर जुन व्यक्तिलाई सम्यक् सम्बोधि प्राप्त हुन्छ, जसले अनुभूतिको आधारबाट प्रकृतिको कानूनलाई बुझ्नसक्यो त्यसले थाहा पाएको हुन्छ कि न शरीरको कर्मले फल दिन्छ न वाणीको कर्मले नै । मनको कर्मले नै फल दिने हुन्छ । शरीर र वाणीको कर्म त मनकै कर्मको बाहिरी प्रक्षेपण हो, बाहिरी प्रकटीकरण हो । प्रत्येक कर्म पहिला मनबाट शुरू हुन्छ । फेरि बढ्दा-बढ्दै तीव्र भयो भने वाणीबाट प्रकट होला । त्यो भन्दा पनि बढी तीव्र भयो भने शरीरको माध्यमबाट प्रकट होला । जुन शरीर र वाणीको दुष्कर्म छ त्यो भनेको दुष्कर्मकै सन्तान हो । यस्तै प्रकार जो शरीर र वाणीको सत्कर्म छ त्यो पनि मनको सत्कर्मकै सन्तान हो । यो प्रकृतिको नियमलाई कसैको उपदेशले मान्नु-पर्नेछैन । कुनै किताबमा लेखिएको आधार लिएर मान्नुपर्नेछैन । अनुभूतिहरुद्वारा जानेर थाहा पाएर मान्नुपर्छ कि जस्तो चित्तको चेतना हुन्छ त्यस्तै फल आउने हुन्छ । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# अजात शत्रुको पश्चाताप

✍ भिक्षु अश्वघोष

राजा अजातशत्रु खराब सगंतमा परी उसले आफ्नो बुबा बिम्बिसारलाई मारेर राज्य हातमा लिए। स्रोतापन्न हुने संस्कार भएपनि हुन सकेन।

कुरा के छ भने अजातशत्रु, जसको संस्कार स्रोतापन्न हुन सक्ने थियो। तर दुष्ट भिक्षु देवदत्तको संगतमा परेर अजातशत्रुले ठूलो महापाप गर्न थाले। देवदत्तको चरित्र अबौद्ध चरित्र थियो। उसले महत्वाकांक्षाले गर्दा भगवान् बुद्धको उत्तराधिकारीको पद मागेको बुद्धले स्वीकार गर्नु भएन। त्यस दिनदेखि बुद्धको विरूद्धमा षड्यन्त्र गर्न शुरू गऱ्यो। अनि अजातशत्रुलाई हातमा लिएर उसलाई कुरा सिकाइ दियो– "तिमी युवक छौ। जीन्दगीको कुनै ठेगाना छैन। युवा अवस्थामा नै राज्य सिंहासनमा बस्नु पर्छ।"

अजाशत्रुले भन्यो– मेरो बुबा अझै जीवित नै हुनुहुन्छ, उहाँ राज्य संचालन गर्दै हुनुहुन्छ के गर्ने ?" आफ्नो बुबा बिम्बिसार महाराजलाई सधैं जेलमा थुनिदिने, खाना नदिइकन मारिने। राज्य पाउने आशाले देवदत्तको सल्लाह अनुसार आफ्नो बुबा बिम्बिसारलाई जेलमा थुनिदियो। आफू सिंहासनमा बस्यो। अनेक कष्ट दिइकन बाबुलाई मार्न लगायो।

त्यसदिन अजातशत्रुको पहिलो छोरा जन्म्यो। छोरा जन्मिनासाथै उसको छोराप्रति बडो अनौठो माया प्रेम उत्पन्न भयो। अनि उसलाई ख्याल भयो-म जन्मदाखेरि पनि मेरो बुबाको मनमा अनौठो माया प्रेम उत्पन्न भएको होला। म दुष्ट भिक्षु देवदत्तको संगतमा परेकोले बुबालाई दु:ख दिएँ। अब छुटाउनु पऱ्यो भनेर आदेश दियो। तर बिम्बिसार मरिसक्यो। यो समाचार सुनेर "हरे ! मैले ठूलो पाप गरें। यो पापबाट कसरी मुक्त हुने भनेर त्यो दिनदेखि धेरै पश्चाताप भयो पीर भयो। त्यो पश्चातापले गर्दा मनमा आनन्द भएन। के गरेको खण्डमा मनमा शान्ति हुन्छ ? कस्को धर्मउपदेश सुन्दा मेरो मनमा आनन्द हुन्छ ? बुद्धको उपदेश बाहेक अरूको उपदेश सुनेर मनमा शान्ति हुँदैन। यसरी बिचार गरी जीवक वैद्यसँग सल्लाह गरी उनीसंगै बुद्धकहाँ गए। अजातशत्रुले भगवान् बुद्धलाई नमस्कार गरेर बस्यो।

अजातत्रुले भगवान् बुद्धको अगाडि प्रार्थना गऱ्यो-भो भगवान्। म साह्रै पापी छु। दुष्ट भिक्षु देवदत्तको संगत गरेर मैले आफ्नो बुबालाई मारिदिएँ। ती सबै घटना सम्झंदा मलाई पश्चातापले डाह भइरहेको छ। म राम्रो सित सुत्न र खानपनि सक्दिन। मलाई ठूलो पश्चाताप भइरहेको छ।

भगवान बुद्धले भन्नुभयो– **न तं कम्म कतं साधु, यं कत्वा अनुतप्पति।** अर्थात– यस्तो काम गर्नु हुँदैन, जसले गर्दा गरिसकेपछि धेरै पश्चाताप हुन्छ। मर्ने बेला सम्म त्यसले सताउँछ फेरी दु:ख हुन्छ। संगत भनेको राम्रो व्यक्तिसंग संगत गर्नुपर्छ। नराम्रो व्यक्ति संग संगत गर्दा खेरी त्यसको प्रतिफल नराम्रो हुन्छ। मुर्खहरूको संगत गर्नु हुँदैन। पण्डितहरूको संगत गर्नुपर्छ।

बुद्धको उपदेश सुनेर अजातशत्रुले भन्यो– म साँच्चै कै धेरै अज्ञानी थिएँ। महत्वाकांक्षी भएर, महालोभि भएर पदलोलुप भएर पदलोलुप देवदत्तको संगतमा परेर म अनर्थमा परें, साह्रै नै पश्चाताप भइरहेको छ। पहिले देखिनै भगवान् बुद्धको संगतमा परेको भए म यस्तो पश्चातापमा पर्ने थिएन। भगवान् बुद्धलाई नमस्कार गर्दै अजातशत्रुले भन्यो-भो भगवान् ! आज तपाइँको उपासक जीवक वैद्यको अगुवाइमा म यहाँ सम्म आइपुगें। केही हदसम्म शान्ति त भयो। आइन्दा म सतर्क हुन्छु। तैपनि त्यो पापबाट मुक्त त हुन सक्दिन। ❖

## बनेपा ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) श्रीमती विमला बज्राचार्य,
त्यौड ढोका बहाल, यैं रु. ५०००/–
२) कृष्ण देवी महर्जन परिवार,
कालधारा, काठमाडौं रु. ३०००/–
३) बिकाश चन्द्र/सुचित्रा शाक्य, बनेपा -
स्व. पिता धर्मचन्द्र शाक्यको पुण्यस्मृतिमा रु. २०००/–
४) युवक बौद्ध मण्डल, बनेपा रु. २०००/–
५) केशचन्द्र शाक्य, बनेपा - स्व. पिता धर्मचन्द्र
शाक्यको पुण्यस्मृतिमा रु. १३००/–
६) शाक्यान शाक्य, भक्तपुर रु. १०००/–
७) पञ्चवीर सिं तुलाधर रु. १०००/–
८) प्रकाशवीर सिं तुलाधर रु. १०००/–
९) पीपल्स बचत तथा ऋण सहकारी संस्था लि.
बनेपा - स्टेशनरी सामान तथा रु. ५१०/–
१०) बाबु राजा तुलाधर, ग्लाश हाउस, असन रु. ५००/–



Downloaded from http://www.dhamma.digital

# चतुआर्यसत्य भनेको के–के हुन्–४

✍ धम्मवती गुरुमां

**६ आयतन भनेको के के हुन ?**

१) चक्खायतन= चक्षु प्रसाद । २) सोतायतन = स्रोत प्रसाद
३) घानायतन=घान प्रसाद । ४) जिह्वायतन=जिहवा प्रसाद
५) कायायतन = काय प्रसाद (शरीर)
६) मनायतन = मन जम्मा १२१ वटा छन्

**सत्त बोज्झङ्ग (सप्त बोज्झङ) भनेको के के हुन ?**

**१. सति सम्बोज्झङ्ग –**

पहिला गरि राखेको र भनि राखेका काम र कुराहरू पछि सम्म पनि सम्झी जस्तो हो त्यस्तै गरी आफ्नो बुद्धिले थाहा पाइराख्ने चेतसिक हो ।

**२. धम्म विचय सम्बोज्झङ्ग –**

नाम रूप धर्मलाई अनित्य दु:ख अनात्म भनी जानी बुझ्न सक्ने प्रज्ञा चेतसिक हो ।

**३. विरिय सम्बोज्झङ्ग –**

आफ्नो मनमा अकुशल चेतना उत्पन्न हुन नदिन र कुशल चेतना उत्पन्न गर्न अभ्यासरत वीर्य चेतसिक हो ।

**४. पीति सम्बोज्झङ्ग –**

चित्त र चेतसिक प्रसन्न राखी काय र चित्त (शारीरिक र मानसिक) तवरले रमाउने निरामिस प्रीति चेतसिक हो ।

**५. पस्सद्धि सम्बोज्झङ्ग –**

नाम धर्म परम्परा बारे क्लेश अग्निलाई दमन गर्न सक्ने क्षमता भएको कार्य र चित्त पस्सधि चेतसिक दुईवटा हुन् ।

**६. समाधि सम्बोज्झङ्ग –**

चित्त र चेतसिक एउटै आरम्मणमा रहने स्वभाव भएको एकाग्रता चेतसिक हो ।

**७. उपेक्खा सम्बोज्झङ्ग –**

विदर्शना चित्त सन्तति (प्रवाहमा) समान भाव हुने स्वभाव (तत्रमज्झता) मध्यस्थता चेतसिक हो ।

**पृथ्वी धातु भनेको के के हुन् ?**

१) केसा = कपाल । २) लोमा = रौं । ३) नखा = नङ्ग
४) दन्ता = दाँत । ५) तचो = छाला । ६) मंसं = मासु
७) न्हारू = नसा । ८) अट्ठि = हड्डी हाड
९) अट्ठिमिज्जं = मज्जा (नलि हाड भित्र रहने एक प्रकारले गीलो पदार्थ, नेवारी भाषामा “स्यो” भनिन्छ ।)
१०) वक्कं = मृगौला । ११) हृदयं = मुटु
१२) यकनं = कलेजो । १३) किलोमकं = झिल्ली
१४) पिहकं = फियो । १५) फ्फयासं = फोक्सो
१६) अन्तं = ठूलो आन्द्रा । १७) अन्तगुणं = सानो आन्द्रा
१८) उदरीयं = पेट, आमाशय । १९) करीसं = मल
२०) मत्थलुङ्गं = गिदी, मगज

**आपो धातु भनेको के के हुन ?**

१) पित्रें = पित्त । २) सेम्हं = खकार
३) पुब्बो = पीप । ४) लोहितं = रगत
५) सेदो= पसिना । ६) मेदो = शरीरबाट निस्कने एक प्रकारको चिल्लो पदार्थ अर्थात चिल्लोपना
७) अस्सु = आँसु । ८) वस्सा = बोसो
९) सेलो = थूक । १०) सिंघाणीकं = सिङ्गान
११) लसिकं = र्‍याल । १२) मुत्तं = पिशाब

**तेजो धातु भनेको के के हुन ?**

१) सन्तापन तेजो = ताप भई पोलेर डाह हुने एक प्रकारको अग्नी धातु ।
२) जिरण तेजो = शरीरलाई जीर्ण गरिदिने एक प्रकारको अग्नी धातु ।
३) परिपाचक तेजो = शरीरलाई छिपाउँदै लाने एक प्रकारको अग्नी धातु ।
४) परीदहन तेजो = शोक पीडाले डाहा हुने । एक प्रकारको अग्नी धातु

**वायो धातु भनेको के के हुन् ?**

१) उद्धंगम वायो = शरीरको माथिल्लो भागबाट निस्कने वायू ।
२) अधोगम वायो = शरीरको तल्लो भागबाट” निस्कने वायू
३) कुच्छित्थ वायो = पेटभित्र रहेको वायू ।
४) कोट्ठासय वायो = आन्द्राभित्र रहेको वायू ।
५) अङ्ग मंगानुसारी वायो = अंग प्रत्यंगमा बगिरहने वायू ।
६) अस्सास पस्सास वायो = श्वास प्रश्वासमा प्रयोग भइरहने वायू

**सातवटा आर्य धनहरू**

१) सद्धा धनं = श्रद्धा उत्पन्न गर्ने ।
२) शील धनं = आचरण (बानी व्यवहार) राम्रो गर्ने ।
३. हिरी धनं = पाप कार्य देखेर लाज मान्ने ।
४. ओत्तप्प धनं = पाप कार्य देखेर डराउने ।
५. बहुसुत्त धनं = बहुश्रुत ज्ञान लाभ गर्ने ।
६. चाग धनं = त्याग भावना उत्पन्न गर्ने ।
७. पञ्ञा धनं = प्रज्ञा विवेक बुद्धि उत्पन्न गर्ने ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास–३

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

## बुद्धको शरणमा जानु

त्यसैले उनीहरू उहाँलाई मुक्तिको साँचो बाटो देखाइदिने गुरू वा स्वामीको रूपमा बुद्धको शरणमा जान्छन्। उनीहरूले उहाँलाई पूजा गर्छन्–कुनै चीज वर-दान माग्नलाई होइन, बरू आफ्नो कृतज्ञता र श्रद्धा जाहेर गर्नको लागि । बुद्ध एक देउता हुनुहुन्छ जसले वरदान दिन्छ, वा दण्ड दिन्छ वा सराप दिन्छ भन्ने विचार गरेर बौद्धहरूले उहाँको प्रार्थना गर्ने होइन । उनीहरू फूल र धूप चढाउने गर्छन्; यो पूर्वीय (दक्षिण पूर्वी एसियाको) चलन हो । यी उपहारहरू श्रद्धाका चिन्ह हुन् । उनीहरू केही सूत्रहरू पढने गर्छन् तर प्रार्थनाको दृष्टिकोणले होइन, बरू उहाँको महान धर्म र गुणहरूको संस्मरणको माध्यम ठानेर । उहाँको स्मरण गर्नु भन्नु नै उहाँको शिक्षामा लाग्नु हो । कोही कोही व्यक्ति बौद्धहरू बुद्धको शरणमा गएकोमा आलोचना गर्छन्; उनीहरू भन्छन् कि बुद्ध त मरेर गइसक्यो । त्यस्ता व्यक्तिले बुद्धको शरणमा जानुको राम्रोसँग अर्थ बुझेको छैन ।

भारतको एक कवि श्री रामचन्द्र भारतिले आफू बुद्धको शरणमा परेको कारण दर्शाउँछ: "कुनै लाभको लागि तपाईको शरण मैल खोजेका होइन,

तपाईको डरले होइन, ख्यातिको इच्छाले होइन,
सौर्यवंशबाट झर्नु भएको तपाई भएर होइन,
अगाढ ज्ञान प्राप्त गर्नको लागि पनि होइन,
बरू डुबेकोले असीमित स्नेहको शक्तिमा,
र तपाईको सबैलाई अंकमाल गर्ने अनुपम ज्ञानमा
यो अगाढ संसार समुद्र पार गराउने,
म वन्दना गर्छु, भो भगवान, र बन्छु तपाईको भक्त"

कोही कोही भन्छन् कि बुद्ध त एक मान्छे हो, उसको शरणमा जानुको केही मतलब छैन । बुद्धले स्पष्टसँग भन्नु भएको छ कि उहाँ मान्छे हुनुहुन्छ; तैपनि उहाँ साधारण मान्छे थिएन । उहाँ एक असाधारण र अतुलनिय पवित्र व्यक्ति हुनुहुन्थ्यो जोसँग सम्यक सम्बोधि ज्ञान र सम्पूर्ण प्राणीमाथि असीम करूणा थिए । सबै किसिमका विकृति एवं कलंकहरूबाट मुक्त हुनुहुन्थ्यो उहाँ ।

धेरैजसो मान्छेहरूले सोध्ने अर्को प्रश्न यो हो: "यदि बुद्ध देउता होइन वा यदि उहाँ आजको यस संसारमा छैन भने कसरी उहाँले आशीर्वाद दिन सक्छन् ?" आशीर्वाद दिनलाई देउतै हुनुपर्छ भन्ने केही छैन; बाबुले छोरोलाई आशीवार्द दिनसक्त । बुद्धको अनुसार मानिसहरूले उहाँको सल्लाह अनुसार धार्मिक वा सम्यक जीवन जिएमा उनीहरूले पक्कै पनि उहाँको आशिर्वाद पाउने छ । एकपल्ट बुद्धले भन्नुभएको थियो, "यदि कसैले मलाई हेर्न चाहन्छ भने, मेरा उपदेशहरू हेर र तिनीहरूलाई अभ्यास गर ।" उहाँको उपदेशलाई लागु गर्न खोज्नेले सजिलैसित उहाँको शिक्षाको माध्यमबाट बुद्धको सच्चा सौन्दर्य रूप देख्न सकिने छ । धर्म अनुसार जिउनेहरू (सम्यक जीवन जिउनेहरू) लाई धर्मले नै रक्षा गर्नेछ ।

अन्य धर्महरूमा मान्छेहरूले उनीहरूमाथि कृपा होस् भनेर आ-आफ्ना देवी देउतालाई पूजा गर्छन् । बौद्धहरू बुद्धबाट कृपा पाउनकोलागि पूजा गर्ने होइन, उहाँको महान् सफलताको लागि उहाँलाई श्रद्धा प्रकट गर्दै पूजा गर्छन । जब बुद्धप्रति बौद्धहरू श्रद्धा प्रकट गर्छन्, उनीहरू अप्रत्यक्ष तवरले आफ्नो मनलाई पनि कुनै दिन त्यस्तै महाबोधि ज्ञानबाट सुसम्पन्न गरेर मानवताको सेवामा लगाउनको लागि उस्काइरहेका हुन्छन् ।

बुद्धलाई बौद्धहरू गुरूको रूपमा आदर गर्छन्; तैपनि यो आदरले गुरूमाथि आशक्ति र निर्भरता भएको जनाउँदैन । यो खालको श्रद्धा उहाँको उपदेश अनुरूप छ भनेर तल देखाइन्छ– "भिक्षुहरू ! कुनै भिक्षुले मेरो चीवरको एक छेउमा समातेर मसँगै पालै पिच्छे मेरो पछि पछि लागे पनि; यदि ऊ लोभी छ, इन्द्रिय सुखभोगहरूले गहिरोसित आकर्षित गर्छ, दुष्टमिजासको छ, दुष्ट विचार र दुष्ट लक्ष्यको छ, शंका उपशंकाबाट ग्रष्ट छ, बेहोशियार छ, भावना रहित छ, विभाजित दिमागको छ, इन्द्रिय संयम छैनभने ऊ म भन्दा धेरै टाढा छ र म ऊ भन्दा धेरै टाढा छु ।

तर, भिक्षुहरू ! यदि त्यो भिक्षु लोभी छैन, इन्द्रिय सुखहरूले गहिरोसित आकर्षित गर्दैन, दुष्ट मिजासको छैन, दुष्ट विचार र दुष्ट लक्ष्यको छैन, संकल्प शक्ति दृढ छ, होशियार छ, भावना सहित छ, एकैतिर ढल्केको (दृढ) विचारको छ, इन्द्रिय संयमी छ, भने ऊ एक सय मील पर बसेको भएता पनि ऊ मेरो नजिकै छ र म उसको नजिकै छु ।"

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बूगु दिं:*
*वि.सं. १९७९ आश्विन षष्टमी*

*मुदुगु दिं:*
*वि.सं. २०६७ कार्तिक २९ गते सोमवार, नवमी*

## मदुम्ह मय्जु मिश्री बज्राचार्य

Dhamma.Digital

जिमि छेंज:या अतिकं हनेवहम्ह **माँ मिश्री बज्राचार्य**
ने.सं. ११३० कछलाथ्व नवमी २०६७ साल कार्तिक २९ गते सोमवारया दिं कुन्हू
आकाझाकां मदुगुलिं मदुम्ह जिमि माँयात
सुखावति भुवनय्सं बास लाय्मा धका मैत्रीपूर्ण भावनायासें दुनुगलं निसें
तथागत बुद्ध भगवानयात श्रद्धाभाव व वन्दना याना च्वना ।

*छैंया सकलें परिवारपिं:*

**गुण केशरी बज्राचार्य, नानी केशरी बज्राचार्य, पूर्ण रत्न बज्राचार्य**
**मणिन्द्र, धनिन्द्र, रिना, चाँदनी, रोसनी, रोहीनी, सोहीनी, समिर, शक्ति, सुसोभन, सौभाग्य, दृष्टी**



Downloaded from http://www.dhamma.digital

# आमाबाबुका कर्तव्यहरू–४

*लेखक*- **नारद महास्थविर**
*अनुवादक*- **रीना बानिया**

विवाह यस्तो गम्भीर कार्य हो जुन जीवन अवधिभर रहन्छ, कुनै अनिश्चित समय अवधिको लागि मात्र होइन । विवाह सूत्रलाई सजिलै तोड्न सकिंदैन । त्यसैले विवाह कार्य गर्नुभन्दा अगाडि सबै दृष्टिकोणबाट दुबै पक्षलाई चित्त बुझेको छ छैन विचार गर्नुपर्छ । विचार मिलेन भने अन्तसम्म झगडा भइरहन्छ। अनि आमाबाबुहरूले कर्तव्य माग्छ, छोराछोरीहरूले अधिकार खोज्छ । बौद्ध संस्कृति अनुसार अधिकार भन्दा कर्तव्यलाई माथि

राख्नुपर्छ । दुबै पक्ष जिद्दी हुनु हुँदैन, बरू बुद्धिमत्तापूर्वक शान्तिपूर्ण मेलमिलाप हुनुपर्छ । होइन भने परस्पर श्राप्ने, विरोध गर्ने भइरहन्छन् । विवाह अघि व्यक्तिको स्वास्थ्य माथि पनि ध्यान दिनुपर्छ । अस्वस्थ आमाबाबुले स्वस्थ सन्तान दिन सक्तैन ।

५. अन्तिम कर्तव्य हो उचित समयमा पैतृक सम्पत्ति सुम्पिदिनु ।

आमाबाबुहरूले आफ्नो दायित्वमा रहुन्जेल माया गर्ने हेरविचार गर्ने मात्र होइन छोराछोरीहरूलाई भविष्यमा सुख सुविधा होश भनेर आवश्यक बन्दोवस्त गरिदिन्छन्। आफ्नो सुख सुविधालाई त्यागेर सम्पत्ति जम्मा गर्छन् र कानूनी हक दिएर छोराछोरीहरूलाई खुशीसाथ सुम्पिदिन्छन् ।

सबैभन्दा उत्तम दाइजो छोरीहरूलाई दिने हो भने बुद्धकालीन महाउपासिका विशाखालाई उनका बुबाले उसको विवाहमा दिएको निम्न उपदेश दिनुपर्छ–

१. घरको आगो बाहिर नलग्नु ।
२. बाहिरको आगो घरभित्र नल्याउनु ।
३. तिनीहरूलाई मात्र दिनु जसले दिन्छन् ।
४. तिनीहरूलाई नदिनु जसले दिदैनन् ।
५. दिने र नदिने दुबैलाई दिनु ।
६. राम्ररी बस्नु ।
७. राम्ररी खानु ।
८. राम्ररी सुत्नु ।
९. आगोतिर झुक्नु ।
१०. घरका देवताहरुलाई आदर, गर्नु, सम्मान गर्नु ।

१. आगो भन्नुको मतलब अपवाद, निन्दा गर्नु हो । गृहणीले सासु, ससुरा र लोग्नेको बारेमा नराम्रो कुरा अरूलाई भन्नु हुँदैन । तिनीहरूको कमजोरी र घरको कलहको बारेमा बाहिरका कसैलाई भन्नु हुँदैन ।
२. बाहिरकाले गरेको अपवाद, निन्दाको कुरा घरमा भन्नु हुदैन ।
३. घरका वस्तुहरू तिनीहरूलाई मात्र दिनुपर्छ, जसले फिर्ता ल्याउँछ ।
४. वस्तुहरू तिनीहरूलाई दिनु हुँदैन जसले फिर्ता दिन ल्याउँदैन ।
५. गरीब आफन्त र नाताकुतुम्बहरूलाई बस्तु दिएर सहायता गर्नुपर्छ । तिनीहरूले फिर्ता दिन ल्याएपनि नल्याएपनि दिनुपर्छ ।
६. सासू, ससुरा बस्ने ठाउँमा बस्ने होइन । यो उपदेश नारीहरूको नम्रता र ठूलाबडाको आदरको लागि हो ।
७. आफूले खानु अघि सासू, ससुरा र लोग्नेलाई खुवाउनु पर्छ । नोकरहरूलाई पनि हेरचाह गर्नुपर्छ ।
८. मन लागे जस्तो सुत्नु हुँदैन सुत्नु अघि घरका ढोकाहरूका चुकुल लगाइसक्नु पर्छ, नोकरहरूले आ-आफ्नो काम गरेको छ, छैन हेर्नुपर्छ, सासू-ससुरा, लोग्ने सुत्न गईसक्यो कि सकेन हेर्नुपर्छ ।
९. सासू-ससुरा, लोग्नेलाई आगो झैं सम्झिनुपर्छ। जसरी आगोसँग होश गर्नुपर्छ, त्यसरी नै यी व्यक्तिहरूसँग होश गरी व्यवहार गर्नुपछ ।
१०. सासू-ससुरा, लोग्नेलाई अति आदरणीय सम्झी आदर गर्नुपर्छ ।

बुद्धले भन्नु भएको छ- सासू-ससुराहरु सस्सुदेव हुन् ।

पूर्वीय संस्कृति अनुसार एउटी स्वास्नीले आफ्नो लोग्नेलाई आफू भन्दा श्रेष्ठ मान्छिन् चाहे ऊ आफै आफ्नो लोग्नेभन्दा निम्न नहोस् । भगवान बुद्धको शब्दमा-निश्चय नै लोग्ने हुनेको लागि आफ्नी स्वास्नी सवैभन्दा विश्वासी साथी हुन्छ-यो लोग्नेको कर्तव्य हुन्छ कि लोग्नेको कर्तव्य हुन्छ कि लोग्नेले स्वास्नीलाई उत्तम साथीलाई जस्तै व्यवहार गर्नुपर्छ र स्वास्नीको लागि सबै भन्दा ठूलो उपकारी भएर व्यवहार गर्नुपर्छ । एउटी वफादार र कर्तव्यपरायण स्वास्नीले आफ्नो लोग्नेलाई आफ्नो रक्षक सम्झी आदर गर्छ ।

एउटी गृहणीले आफ्नो धार्मिक कर्तव्यहरूप्रति पनि ध्यान दिनुपर्छ । भिक्षु, श्रमणहरू घरमा आउँदा राम्ररी आदरपूर्वक सम्मान गर्नुपर्छ । उसले श्रमणहरूलाई राम्रो सँग अतिथि सत्कार गर्नुपर्छ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# श्रमण नारद–३

✍ श्रीयुत नाथुराम प्रेमी
अनु. प्रकाश वज्राचार्य

बनारसमा मल्लिक भन्ने एकजना ब्यापारी रहेछ। उ पाण्डु सेठको ठेकेदार साथी रहेछ। पाण्डु सेठको घर गएर मल्लिक बेस्सरी रूदै भन्यो, 'मित्र ! म ठूलो आपतमा परेछु। अब म तिमीसँग ब्यापार गर्न सकुँला भन्ने आशा छैन । मैले राजालाई असल चामल दिन्छु भनी ठेक्का लिएको छु । भोलि त चामल पुऱ्याउनु पर्ने भईसक्यो। भोलि बिहान सबेरै मैले त्यहाँ चामल नपुऱ्याई हुँदैन। तर के गर्ने ? मसँग एक गेडा चामल छैन। कतै बाट पाउने बाटो पनि छैन। किनकि यहाँ एकजना बलियो ब्यापारी शत्रु (प्रतिद्वन्दी) छ । मैले राजालाई चामल दिने ठेक्का लिएको उसले चाल पाएछ। त्यसैले उसले बढि पैसा तिरेर यहाँका गाउँ र शहरमा भएको चामल जम्मै आफूले किनिसक्यो। राजाको खाद्य भण्डारीलाई पनि घुस ख्वाई-राखेको जस्तो छ । त्यसैले भोलि मलाई शुभ हुने छैन । मेरो इज्जत जाने भयो । भाग्यले मलाई सहायता दिएर अर्को एक गाडाभरि चामल कहींबाट आइपुगेमा मेरो बच्ने आशा छ, नत्र मत मर्ने भएँ। मल्लिकले यसरी दुःखको कुरो सुनाउँदै थियो, पाण्डु सेठलाई आफ्नो पैसाको थैलो को सम्झना भयो। उसले हडबडाएर चारैतिर खोज्न शुरू गऱ्यो। सन्दुक बग्गी आदि जम्मै ठाउँमा खोज तलास गर्दा पनि पैसाको थैलो भेट्टाएन। मेरा नोकर महादत्तले नै पैसाको थैलो लिएको हुनु पर्दछ भनी साहुलाई शङ्का लाग्यो। अनि के चाहिन्छ र, साहुले पुलिस बोलाएर पक्रन लगायो । (साहुले भनि सकेपछि कहाँ बच्छ र ? चोरेर लिएको हूँ भन्ने स्वीकार गर्न लगाउनलाई यमदूत जस्तै डरलाग्दो पुलिसहरूले महादत्तलाई सास्ति गर्न थाले। सहनै नसक्ने गरिकन कुटे । उ बेदनाले छट्पटिँदै रोएर भने, "म निर्दोष छु, मैले पैसाको थैलो चोरेको छैन। मलाई छाडि देउ, मलाई माफ गर, मैले सहन सकेन, ऐया बाबा ! अहो ! मर्न लागें ! म गरीबलाई दया गर। मैले चोरेको छैन । मैले पहिले कुन पाप गरेकोले यो सास्ति खानु पऱ्यो । के गरेर आएको पापले यो दुःख भोग्नु पऱ्यो । साहुको कुरो सुनेर मैले त्यो किसानलाई सास्ति गरेको थिएँ, अवस्यै पनि त्यही पापको फल भोग्नु परेको होला । बिनाकाराण मैले किसानलाई दुःख दिएँ- मलाई माफ गर। सत्य पनि उसलाई सास्ती गरेको पापले अहिले यो दुःख भोग्नु पऱ्यो।"

महादत्तले पश्चाताप गरेता पनि पुलिसले ध्यान दिएन, वास्ता नगरिकन दया नराखिकन पिट्दै गरे। त्यति नै बेला देवल किसान त्यहाँ टुप्लुक्क आईपुग्यो। सबैलाई चकित पार्दै उसले हराइराखेको पैसाको थैलो पाण्डु सेठको अगाडि राखिदियो । सेठलाई क्षमा पनि दियो र साथै शुभकामना पनि।

महादत्तलाई छाडिदियो। आफ्नो मालिक देखि खूब रिस उठ्यो उसलाई। एकछिन पनि त्यहाँ नबसी बेपत्ता हुने गरी बाटो ततायो।

उता मल्लिकले थाहा पायो कि देवलले एक गाडा असल चामल ल्याएको छ भनेर। ऊ तुरून्त त्यहाँ गई देवलले भने जति दाम तिरेर चामल किन्यो। अनि आफुले कबुल गरे जस्तै ठेक्का लिईराखेको चामल राजाकहाँ समय मै पुऱ्याइदियो। देवलले सपनामा पनि यति पैसा पाउँछ भन्ने सोचेको थिएन। आफूले चिताएको भन्दा बढि पैसा लिएर चामल बेचेर आफ्नो घर फर्क्यो।

पाण्डु सेठ पनि आफ्नो साथीको विपत्ति हटेको र आफ्नो हराएको पैसाको थैलो पनि पाएकोमा खुब खुशी भयो। उसले बिचार गऱ्यो कि "त्यो किसान यहाँ नआएको भए न मित्र मल्लिकको दुःख पीर हट्ने थियो न मेरो हराएको पैसाको थैलो नै फेला पर्ने थियो। त्यो किसान त धेरै इमान्दार र असल रहेछ। मैले त्यतिको दुःख दिँदा पनि झन् उल्टो उसले मलाई उपकार गऱ्यो। कस्तो अचम्म ! त्यस्ता साधारण अनपढ किसानले यस्तो गुण र सदाचार कसरी सिक्यो ? त्यही श्रमण महात्माको प्रभाव वा आशीर्वाद नै हुनुपर्दछ । फलामलाई सुन बनाउने शक्ति पारसमा बाहेक अरू के मा हुन्छ र ?" यसो विचार गरिरहेको सेठलाई श्रमण नारद भेट्ने ठूलो रहर लाग्यो। उनी तुरून्तै गएर बौद्ध भिक्षुहरू बस्ने विहारहरूमा खोज तलास गर्दै नारद भिक्षुलाई भेट्न गए।

कुशलकर्मको प्रश्न सकेपछि श्रमण नारदले भन्यो, 'सेठजी ! तपाईंसँग कर्मफलको कुरो राम्ररी बुझिलिने शक्ति छैन । यो अति गम्भीर र बुझ्न गाह्रो विषय छ । साधारण मानिसहरूले यो कर्मफलको कुरो बुझ्न सक्दैन । पछि तपाइँको बुद्धि विकास भएमा, बुझ्न इच्छा भएमा आफैले बुझ्न सक्नेछ । तैपनि अहिलेलाई मेरो यो सानो कुरो एउटा सुन्नुहोस् कि जहिले तपाईं



Downloaded from http://www.dhamma.digital

अरूलाई दु:ख दिने विचार गर्नु हुन्छ, त्यति बेला आफैंले आफूलाई एकपल्ट अवश्यै प्रश्न गर्नुस् कि यसरी नै कसैले तपाईलाई दु:ख दिए आफूलाई मन पर्छ कि पर्दैन । सुख हुन्छ कि हुँदैन । यो प्रश्नको उत्तरमा यदि कसैले मलाई यसरी दु:ख दिएमा मैले सहन सक्दिन भन्ने लागेमा आफूले अरूलाई दु:ख दिन मन लागेको बेलामा आफ्नो मनलाई अथक प्रयासले दमन गर्नु बेस होला । फेरि जसरी अरूले तपाईलाई सेवा गर्दा तपाई खुसी हुनुहुन्छ त्यस्तै तपाईले पनि अरूलाई केहि सेवा पुऱ्याईदिएमा अरू पनि खुसी हुन्छन् । यो कुरामा विश्वास छ भने तपाईले पनि अरूलाई उपकार र सेवा गर्ने मौका छाड्नु हुदैन । यो कुरोलाई विश्वास गर्नुस् कि आज हामीले जुन असल विउ रोप्ने छौं, पछि अवश्यै हामीले त्यसको असल फल खान पाउने छौं ।

हिराको ब्यापारी पाण्डु सेठले भन्यो, "भन्ते ! मलाई अलि विस्तृत रूपले बुझाई दिने कृपा गर्नोस्, अनि मैले तपाईको उपदेश व्यवहारमा प्रयोग गर्न सकुँला ।"

श्रमणले भन्यो, "त्यसो भए राम्रोसँग सुन्नुस, म तपाईंलाई कर्मभेदको साँचो दिन्छु । तपाई र मेरो बिचमा एक पर्दा छ । त्यसलाई माया भनिन्छ । त्यसैले गरेर मान्छेले पाप के हो देख्न सकेको छैन, तपाईको आँखा अगाडि पनि यही मायारूपी पर्दा छ । यसैले गरेर तपाईले देख्न सकेको छैन, बुझ्न सकेको छैन कि तपाईको मानिस जातिसँग के सम्बन्ध भनेर । साँच्चै भनौं भने यसको सम्बन्ध तपाईको शरीरका विभिन्न अंगहरूको भन्दा पनि घनिष्ट छ । तपाईको जीवनको सम्बन्ध अरूको जीवनसँग पनि छ त्यति नै अरूको जीवनको सम्बन्ध तपाईको जीवनसँग छ त्यति नै अरूको जीवनको सम्बन्ध तपाईको जीवनसँग छ । यो सम्बन्ध धेरै बलियो छ । यो सत्यलाई बुझ्ने मानिसहरू यो संसारमा औंलामा गन्न सकिन्छ । यो सत्यलाई बुझि लिनु नै मनुष्य जीवनको कर्तब्य हो । यो सत्य ज्ञान प्राप्त गर्ने केहि मन्त्र म भन्छु । यी तपाईले आफ्नो हृदयमा अङ्कीत गर्नुस् ।

१. जसले अरूलाई दु:ख दिन्छ उसले आफूले आफैलाई दु:ख दिने बिउ रोपेको हुन्छ ।
२. जसले अरूलाई सुख दिन्छ उसले आफ्नो मनमा आफूलाई सुख हुने बिउ रोपेको हुन्छ ।
३. यो एक ठूलो भ्रम हो कि मेरो जाति र नाता कुटुम्बसँग मेरो केही सम्बन्ध छैन ।

यो तीन मन्त्र बुझेर अभ्यास गर्दै लगेमा तपाई सत्यको मार्गमा पुग्नु हुनेछ ।"

पाण्डुले भन्यो, "पूज्य श्रमण महाराज ! तपाईको वचनको अर्थ धेरै गम्भीर छ बहुमूल्य छ । मैले यी वचनहरू हृदयमा अङ्कित गरिसकें । म बनारस आइराखेको बेला तपाईलाई केही उपकार गरेको थिएँ जुनकि एक पैसा पनि खर्च नहुने काम हो, तर आज मलाई त्यसको बदला यत्रो ठूलो लाभ भयो यो देखेर मलाई आश्चर्य लाग्छ । भन्ते ! म तपाईप्रति धेरै कृतज्ञ भएँ, ऋणी भएँ । यदि मेरो त्यो पैसाको थैलो नपाएको भए मैले यहाँ केहि पनि व्यापार गर्न नसकिने थियो, न त ब्यापारीको तर्फबाट नै मलाई धेरै लाभ हुने थियो । धन्य तपाईको विवेक बुद्धि र दूरदर्शिता ! यदि तपाईंले त्यो असरण किसानलाई सहायता नदिएको भए उ उहाँ चाँडै पुग्ने थिएनन् गुमाउनु पर्ने थियो । तपाईंले दु:खको इनारमा खस्न लागेकोलाई बचाउनु भयो र साथै मेरो नोकरलाई पनि रक्षा गर्नु भयो । भन्ते जसरी तपाईंले सत्यलाई देख्नु भयो त्यसरी नै यदि सबैले देखेमा यो संसार कति सुखी हुने थियो होला । कतिपय पापका मार्ग बन्द भएर पुण्यका मार्ग खुल्ने होला । मैले यो निश्चय गरिसकें कि भगवान बुद्धको दयामयी धर्म प्रचार गर्न हाम्रो कौशाम्बी नगरमा एउटा विहार बनाई दिनेछु । अनि त्यसमा तपाई र तपाई जस्ता श्रमण भिक्षुहरू बसेर मानिसहरूलाई समार्ग देखाउनु हुनेछ ।"

कौशाम्बीमा हिराको व्यापारी पाण्डुको विहार बनिसक्यो । त्यहाँ सयौं विद्धान एवं दयामूर्ति भिक्षुहरू बस्नु भैसक्यो । धेरै वर्ष नबित्नदैमा नै त्यो बिहारको नाउँ प्रसिद्ध भयो । टाढा टाढादेखि धर्मप्रेमीहरू त्यहाँ उपदेश सुन्नलाई आउन थाले ।

पाण्डु सेठ एक प्रख्यात हिरामोति व्यापारी बन्यो । उसको किर्ती टाढा टाढासम्म फैलियो ।

कौशाम्बीकोसँगै एक राजाको राजधानी रहेछ । राजाले आफ्नो कोषाध्यक्षलाई आज्ञा गऱ्यो, हिरामोतिको व्यापारी पाण्डुलाई एउटा राम्रो असल सुनको श्रीपेच बनाउन लगाऊ जसमा कि थुप्रै अमूल्य हिरामोतिहरू जडिएका होओस् । कोषाध्यक्षले तुरून्तै राजाको आज्ञा पालन गरी पाण्डुलाई श्रीपेच बनाउन लगाए ।

श्रीपेच बन्यो । उक्त श्रीपेचको साथै थुप्रै अरू पनि हिरामोति र सुनचाँदिका गहनाहरू बोकेर पाण्डु



Downloaded from http://www.dhamma.digital

राजधानीतिर लागे । आफ्नो सुरक्षाको लागि २०/२५ जना सिपाहीहरू पनि साथै लागे । सिपाहीहरू वीर तथा बहादुर थिए । त्यसैले उसलाई पूरा विश्वास थियो कि ऊ बिना केही बिघ्न बाधा आफ्नो गन्तव्य स्थानमा पुग्न सकिन्छ भनेर । पाण्डु सेठ आफ्ना रक्षकहरू साथै एक जङ्गलबाट गइरहेको बेलामा दुईवटा पर्वतको बिचबाट ५०/६० जना शस्त्रअस्त्र बोकेका मान्छेहरूको एक बथान आएर उनीहरूलाई लुट्न आए । सिपाहीहरूले बहादुरीपूर्वक सामना गरे तर केही सीप लागेन । डाँकाहरूले सामान जम्मै लुटेर भागे ।

यसरी लुटाउनु परेकोले पाण्डुको व्यापार धेरै बिग्रियो । श्रीपेचको साथै अरू पनि गहनाहरू राजधनीमा बेच्न सकिन्छ भन्ने उसले आशा गरेको थियो । त्यसैले उसले आफ्नो सर्वस्व लगाएर विभिन्न किसिमका हीरामोतिका गहनाहरू बनाउन लगाएको थियो । तर अफशोच । सर्वस्व नै डाँकाले लुटेकोले आफू मगन्ते भएर बस्नु पर्यो ।

पाण्डुको मनमा ठूलो चोट पर्यो, तर उसले यो मेरो पूर्वकर्मको फल हो भनी सोचेर चुप लागेर बसिराख्यो । आफू जवान र बलियो छँदाखेरि मैले धनको बलले अरूलाई धेरै कष्ट दिइसकें । अब मैले यो कुरो सजिलैसंग थाहा पाएँ कि जुन बिउ मैले रोपेको थिँए त्यसैको फल मैले पाएँ । अनि पाण्डु सेठको हृदयमा दयाको मूल फुटेर आयो । दुःख कसरी हुन्छ भन्ने उसले बुझ्यो । यसले गरेर सकल प्राणी उपर दया राख्ने भावनाको प्रविधि भयो । उसको मन पूर्वकर्मको पश्चातापले दिनहुं पवित्र उज्ज्वल हुँदै आयो ।

अब पाण्डुलाई आफ्नो निर्धनताबारे अलिकति पनि दुःख थिएन । उसलाई यही मात्रै पीर थियो कि कसरी परोपकार गर्न सकिन्छ । र कहिले श्रमणहरू बोलाएर उहाँहरूबाट धर्म प्रचार गराउन सकिन्छ । *क्रमशः*

*(२०६७ श्रीपञ्चमीको शुभउपलक्ष्यमा नेपाल म्यान्मारको कूटनैतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको सन्दर्भमा लेखिएको "दस्तावेज कविता" को कदर प्राप्त भएको, एक भव्य विद्यार्थी अभिनन्दन तथा पुरस्कार वितरण समारोह पांगोनमा वाचन गरिएको कविता)*

## नेपाल-म्यान्मारको सुनौलो कूटनैतिक सम्बन्ध स्वर्ण महोत्सवमा एक नौलो साहित्यिक सुगन्ध !

**✍ डा. चन्द्रेश रत्न तुलाधर**
(फेमिलि फिजिसियन तथा बालरोग विशेषज्ञ) मिनेगोन, याँगोन, म्यान्मार

जाग न जाग हे वीर नेपाली, हे म्यान्मारमा बस्नेसुरा गोर्खाली !
जाग न जाग हे प्यारा म्यान्माली, हे म्यान्मारमा बस्ने धीर नेपाली !
मनाउनु छ स्वर्ण महोत्सव भैमहागुणी, दौत्य सम्बन्ध भो सदा कल्याणी ।
सजाउनु छ दिलको फूलवारीमा नागमणि, भुलेछ माया ममता मै यहाँका प्राणी ॥१॥

नेपाल भो महामानव सम्यकसम्बुद्धको जन्मभूमि,
म्यान्मार बन्यो त्यसबेला देखि नै एक पवित्र बुद्धभूमि ।
पच्चिस सौ पचास (वर्ष) को छ यो लामो विचित्र कहानी -
जोडियो धर्मको नाता यहाँ, पूर्णिमाको एक सुन्दर बिहानी ॥२॥

नेपाल भो वीर साहसी गोर्खालीको ममतामयी मातृभूमि,
म्यान्मार बन्यो ब्रीतिश राजको बेला तिम्रो नयाँ कर्मभूमि ।
एक सौ पचास (वर्ष) को छ यसको ऐतिहासिक जमानी-
जोडियो कर्मको नाता यहाँ, नवरत्नको एक बहुमूल्य खानी ॥३॥

नेपाल भो विश्व प्रख्यात, सुविख्यात सगरमाथाको प्राणभूमि,
म्यान्मार बन्यो हिमालयको छत्र छाँयामा एक शान्त पूण्यभूमि ।
स्वर्ण पचास (वर्ष) को कूटनैतिक सम्बन्धको भारी लगानी-
जोडियो मर्मको नाता यहाँ, उच्च पुर्याउनु छ भावनी दृष्टिको निशानी ॥४॥

## न्यू नेपाल प्रेसबाट धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

न्यू नेपाल प्रेस परिवारले धर्मकीर्ति पत्रिकाको उन्नति एवं प्रगतिको कामना गरी धर्मकीर्ति पत्रिका वर्ष-२८, अङ्क-११, बु.सं. २५५४ होली पुन्हि अङ्क प्रकाशनको लागि आवश्यक खर्च रु. १८,४००/- चन्दा सहयोग प्रदान गरी उक्त अङ्कको पत्रिका प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको छ । दाता परिवारले आफ्ना ममतामयी माता दिवंगत नीलशोभा तुलाधरको पुण्य स्मृतिमा चन्दा प्रदान गरी पुण्य सञ्चय गर्नुभएको कुरा बुझिन आएको छ ।

धर्मकीर्ति पत्रिका परिवारले दाता परिवारको यस पुण्य कार्यलाई साधुवाद प्रकट गरी उहाँहरुको आयु आरोग्य एवं उन्नति प्रगतिको कामना पनि गरेको छ । **- धर्मकीर्ति पत्रिका**



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योतिः – १८

**श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन**

**अनुवाद- देवकाजी शाक्य**

१९५

– खाने इच्छा छ भने तिमी मज्जाले खान सक्छौं ।
– निदाउने इच्छा छ भने तिमी मस्त निद्रामा पर्न सक्छौं ।
– हिंड्ने आकांक्षा बोकेका छौ भने तिमी अनन्त हिंड्न सक्छौं ।
– सफल हुने आकांक्षा छ भने तिमी शक्तिशाली ढङ्गले सफल हुन सक्छौं ।

१९६

– इमान्दारीको बल इमान्दारी नै हो ।
– गुणको ऋण गुणद्वारा तिरिन्छ ।

१९७

– महासागरमा मूल्यवान मोती भेट्टाऊ ।
– मरूभूमिबाट तेल निकाल ।
– भग्नावशेषको थुप्रोमा प्राचीन नगर पत्ता लगाऊ ।
– अरूहरूसँग मेलमिलाप खोज ।

१९८

– असल विचारहरू र शब्दहरू परिष्कृत गरेर तिमी हितकारी बन्छौ ।
– अरूलाई मद्दत गरेर तिमी हितकारी बन्छौ ।
– प्रतीत्यसमुत्पादको सिद्धान्त बुझेर तिमी अरूहरूसँग सद्भावनामा मिलेर बस्न सक्छौं ।
– अरूहरूसँग सद्भावनामा बसेर तिमी परिवार र देशमा सद्भावना ल्याउन सक्छौ ।
– आर्य अष्टाङ्गिक मार्ग अनुसरण गरेर तिमी असल तरीकाले जीवनयापन गर्न सक्छौ ।

१९९

– समस्यामाथि धावा बोल र फाइदा उठाऊ ।
– समस्या निराकरण गर र संकटबाट पार होऊ ।
– समस्यालाई सामना गर र खतरामाथि बिजय प्राप्त गर ।
– डर नमान र आफ्नो मौका छोप ।

२००

– सबभन्दा सुखी मानिससँग मात्र मनको शान्ति हुन्छ ।
– सबभन्दा धेरै बुद्धिमान मानिसहरू जोश, जाँगर र स्फूर्तिले भरिपूर्ण हुन्छन् ।

– समाप्त –

# बाँलाः खयाः नं बाँमलाः थ्व शरीर

**✍ अमृतमान शाक्य भिक्षु**

केशा (सँ)
अनेक धाँचा याना: शोभा दयकीगु थ्व सँ
गुलि बाँला:हाकु, सियूगु आहा थ्व सँ
सि ससी, धू, खिति आदिया खानी थ्व सँ
उमेर वनेवं तीजक खनेदै भूयूगु सँ

लोमा (चिमिसँ)
म्ह छम्हं परिपूर्ण गुलि बाँला: म्ह
गुलि बाँला: धयानं उलिहे बाँमला: म्ह
चिमिसँ हे चिमिसँ भुनात:गु थ्व म्ह
मनू खया:नं पशु जक मखुला थ्व म्ह

नखा (लुसि)
म्हया अंग अंग थन नं ल्हा: तुती दु लुसी
ला हि क्वँय् जक मखु दु लुसी
तिसा नं ख: हथियार नं ख: लुसी
फोहर मुनीगु थल नं ख: लुसी

दन्ता (वा)
ख्वा:या तिसा ख: वा
म्हुतु दुनेया तरवार ख: वा
गुली बाँला, उलिहे फोहर थ्व वा
दु:खया भण्डार ख: थ्व वा

तचो (छ्यंगू)
क्वँय, हि व छ्यगुलिं भुनात:गु
नित्य मखु अनित्य ख: जीर्ण ज्वीगु थ्व म्ह
च:ति, चिकंलाय पिंहा वयाच्वनी थ्व छ्यंगूया हवतं
उकें थ्व छ्यंगू नं फोहर हे ख: ।

## धर्मकीर्ति {पत्रिकाको} विशेष संरक्षकहरु

*क्र.स. ६१५*

**श्रीमान तेज वहादुर शाक्य**
**तेज वहादुर एण्ड सन्स**
विदुर नगर पालिका, वडा नं ११, त्रिशूली, नेपाल
रु. १५००/-

*क्र.स. ६१६*

**श्रीमान कृष्ण मान शाक्य**
वनस्थलि, बालजू काठमाडौ ।
रु. १०००/–

*क्र.सं. ६१७*

**Ven. Khenpo Ngawang Thekchok**
UDC Buddhist Centre, 2/F Hung Wan Building
25 On Ning Road, Yuen Long NT
Hong Kong. Tel. 852-24435262
Rs. 1000/–



Downloaded from http://www.dhamma.digital

# पद सबभन्दा कडा मद हो

✍ नरेन्द्रनाथ भट्टराई

जुन कुराको सेवनले मानिसको होश, असन्तुलित हुन्छ, त्यसैलाई मद भनिन्छ। जाँड, रक्सी, गाँजा, चरेस, भाङहरू मात्र मादक पदार्थ होइनन् । जसले आदतको स्थान लिन्छ, जसले आफ्नो पछि हामीलाई लगाउँछ, ती पनि सबै मद हुन् । तसर्थ मद धेरै प्रकारका छन् । कुनै खाने मद छन्, कुनै पिउने, कुनै तान्ने, कुनै देखाउने, कुनै ठान्ने, कुनै जान्ने । मनुष्य जीवनलाई राम्ररी विश्लेषण गर्ने हो भन हर मानिस कुनै न कुनै मदमा डुबेरै रहेको पाइन्छ । मदहरूमा सबभन्दा कडा मद पदको मद हो । रक्सी, जाँजा, भाङको मदले मानिसलाई जति नोक्सान गर्दछ, त्यो भन्दा धेरै बढी नोक्सान धन र पदको मदले गर्दछ  अरू मदले प्रायश: आफ्नो र आफ्नो परिवार को मात्र नोक्सान गर्दछ। तर पदको मदले त आफ्नो साथै लाखौं लाख अरूको समेत नोक्सान गर्दछ। यस कुराको प्रत्यक्ष उदाहरण विश्व इतिहास नै छ। धन र पदको लागि बन्धुहत्या समेत भएका र भैरहेका पनि छन्। पद भन्नु र मान, प्रतिष्ठा भन्नु पनि एउटै कुरा हो। यी मान, पद र प्रतिष्ठाको मदले मानिसलाई यसरी जकडेको हुन्छ कि नमरिन्जेल मात्र पनि होइन मरिसकेपछिको अवस्थाको लागि पनि यो मदले समातेको हुन्छ ।

***१) लुतोमा मलहम लगाए लुतो कम हुन्छ त्यसैगरी अशान्त मनलाई सत्संगमा लगाएमा मन शान्त हुन्छ ।***

***२) हामी सबै ब्रह्ममय छौं । हामीले मानेका, जानेका शरीर संसार सबै कल्पना मात्र हुन् । मस्त निन्द्रामा अर्थात् मन नरहेका बेलामा यी केही रहन्नन् । शरीर निदाएको तर मन ननिदाएको बेलालाई स्वप्नावस्था, शरीर, मन दुबै ननिदाएको बेलालाई जाग्रत अवस्था तथा शरीर, मन दुवै निदाएको बेलालाई शुषुप्तावस्था भनिन्छ । स्वप्नावस्थामा स्वप्न संसार सत्य हुन्छ, अरू असत्, जाग्रत अवस्थामा यही सत्य अन्य दुई असत् हुन्छन् । यसरी प्रष्ट हुन्छ, यी सबै असत् हुन्छ । जसमा यी सबै देखिन्छन् त्यही मात्र सत्य हो । यही अवस्था बुद्धत्त्व हो ।***

***३) जसरी नृत्यशालामा बसेका राजा, मन्त्री, प्रजा र नर्तकी सबैलाई त्यहाँको बत्तीले भेदभाव नगरिकन प्रकाश दिइरहेको हुन्छ, त्यसैगरी शरीर रूपी नृत्यशालामा रहेका अहंकाररूपी राजा, मनरूपी मन्त्री, विषयवासनारूपी प्रजा र बुद्धिरूपी नर्तकीलाई पनि चेतन आत्मारूपी बत्तीले भेद नगरिकन सजीवता प्रदान गरिरहेको हुन्छ ।***

***४) पैसाबाट न त ज्ञान मिल्छ, न भक्ति न सन्त, न त शान्ति नै मिल्दछ । पैसाबाट केवल अभिमान, अशान्ति, अतृप्ती र मृत्यु मात्र मिल्दछ । पैसाबाट मिल्ने ज्ञान, ज्ञान होइन अभिमान हो, भक्ति भक्ति होइन अहंकार हो । पैसाको पछिपछि आउने सन्त सन्त होइन, धूर्त मात्र हो ।***

*साभार- परमात्माको दर्शन (चिन्तनद्धारा)*

कुनै देशका एकजना अवकाशप्राप्त विशिष्ट तहका सैनिक अधिकारी तीर्थाटनको लागि विदेशको केही तीर्थस्थल घुम्दै थिए। ती व्यक्ति अति शंकालु प्रवृतिका भएकाले खान-पिन, रहन-सहन, सबैमा ज्यादै सतर्क रहने, अलिकति केही भयो कि मर्ने पो हुँ भनेर डराउने गर्दथे। मान, पद, प्रतिष्ठा (इज्जत) मा पनि ज्यादै लोलुप थिए । उनलाई तीर्थको समयमा एउटै कुराको पीर परेको रहेछ, जुन कुरा उनले आफ्नो हितैषीलाई भनेछन्। "म विदेशमा छु यदि यहाँ म मरें भने त मेरो अभिलाषा अधूरो हुन्छ ।" किन र मरिसकेपछि मर्ने मानिसको लागि जहाँ मरे पनि के फरक पर्दछ ?" भनी सोध्दा उनले भने, "म यदि आफ्नो देशमा मरें भने सैनिक सम्मानको साथ मेरो शवयात्रा गरिन्छ । मेरो इज्जत रहन्छ, मेरो परिवारको इज्जत रहन्छ, मेरो परिवारको इज्जत पनि बढ्छ। यहाँ मरें भने त त्यस किसिमको रौनक नै केही हुँदैन, यही एउटा ठूलो पीर छ मलाई ।

अक्षरारम्भ गर्ने समयदेखि नै यो धन, पद, प्रतिष्ठाको मद पिलाइएको मनुष्यले यसैलाई जीवनको सर्वस्व हो भन्ने सम्झेका छन् । किनकि कसरी भन्ने प्रश्न छैन, जसरी भए पनि प्रतिष्ठा होस्, पद होस् । ❖




Downloaded from http://www.dhamma.digital

# बौद्ध झण्डा

✍ जवनवती गुरुमां

बौद्ध झण्डा बुद्धधर्मालम्बिपिनिया निम्तिं साहित्यिक ज्या इवले लुमंके बह:गु चिं ख: । छाय्ले धा:सा थ्व झण्डायात बुद्धधर्म मानेयाना च्वंपिंसं बुद्धधर्मया न्हयाँगुहे क्रार्यक्रमेनं छयलाच्वंनीगु जुया ख: । थ्व बौद्ध झण्डायात छयलाच्वंथें थ्व झण्डाया अर्थ, थ्व सुनां आविष्कारयात, थ्व झण्डा गथे जुया: दयावल धयागु सीकातय्गु नं आवश्यक दु ।

थौ कन्हे संसारभरहे बुद्ध धर्म मानेयाइपिसं बौद्ध झण्डायात छय्लाच्वं अथेसां थुकीया अर्थ थ्व गनं निसें सुरू जुयावल धयागु मस्यूपिं यक्व हे दु । उकिं बौद्ध झण्डायाबारे थम्हं स्यूथें छकूचा च्वयाच्वना ।

१८८५ साल April-28 तारिखं श्रीलङ्का देशय् बैशाख पुन्हि (बुद्ध जयन्ति) उत्सब तसकं भब्यरूपं मानेयायेत कार्यक्रम दयाच्वंगु जुया: बैशाख पुन्हिया नाप नापं छुं नं बुद्ध धर्मया कार्यक्रम याय्बले वा जुईबले लुमन्ति चिन्हया लागि बौद्ध झण्डा दयेकेगु बिचाया:गु जुयाच्वन । वहे कारणं याना Colombo शहरे च्वंपिं बुद्धधर्मालम्बि (बुद्धधर्म अनुयायी) जुयाच्वंपिसं चिन्हयारूपे बौद्ध झण्डा दयेकेगु कोशिशयागु जुयाच्वन ।

थ्व झण्डायात १८८५ सालं दय्कूगु जुसां देश-विदेशं थाय् थासं बौद्ध झण्डाधका: प्रख्यात जूगु वा स्वीकार याना कागुला १०० वर्षति पुलावन जुइ । १९५१. सालपाखे तिनि संसारभरि च्वंपि बुद्ध धर्म अनुयायी बुद्धधर्मालम्बिपिसं स्वीकारयाना का:गु ख: धयागु उल्लेख यानात:गु दु ।

आपासिनं न्हापां बौद्ध झण्डा (आविष्कार) दयेकुम्ह ब्यक्ति (Henry Steele Olcolt) धका: च्वंसां धात्थे धाय् माल धा:सा सी पि गुणवर्दन (Carollrs Pujitha Gurewardene) धयाम्ह जुयाच्वन ।

Henry Steele Oleclt धयाम्ह अमेरिकन पेन्सन (Penson) पावेजुइ धुंकूम्ह छम्ह कर्नल जुयाच्वन । वय्क:या जन्म १८३२ साल August या २- तारिखं अमेरिकाया न्यू जर्सी (New Jersey) जिल्लाया ओरयाँग (Drang) धयागु सहरे किसान परिवारय् जूम्ह ख । वयक: किसान परिवाय जन्मजूथें किसानतय् हितया लागि New York Tribune नाँ जुयाच्वंगु पत्रिकाय् कृषि बिषयलय् लेख च्वयेगु यायां लिपा पत्रिकाया सह-सम्पादकया रुपय्नं ज्या याना वये धुंकूम्ह ख: ।

जब अमेरिकाय् गृह युद्ध शुरू जुल उबले पत्रिकाया ज्या त्व:ता: २९-वर्षया उमेरय् सेनाय् भर्ति जुया: वहे ज्या (Penson) पेनसन पाकेजुम्ह ख: । १८६१ सालं जूगु थ्व गृह युद्धे (धनक्कीतो ) ध्यबां न्याना दास (नोकर) याईगु चलनयात हटेयायेत जूगु जुया: थ्व चलन यात कुत: याना: मदय्का व:म्ह नं ख : ।

